स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका रेखा थापाले निर्वाचनमा महिला मतदाताको संख्या उल्लेख्य भए पनि महिला उम्मेदवार निकै न्यून रहेको भन्दै चिन्ता व्यक्त गरेकी छिन्। सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै थापाले कुल मतदातामध्ये महिला करिब ८९ लाख र पुरुष करिब ९२ लाख रहेको उल्लेख गरेकी छिन्।

आजको विचार...



पुराना...
(दुई पेजमा)

सुरेश भट्ट आश्रिन



सन् २०१९ मा रिलिज भएको फिल्म 'जाइरा' पछि अभिनेत्री नम्रता श्रेष्ठ सार्वजनिक जीवनमा देखिएकी छैनन्। त्यसबीच उनको जीवनमा धेरै उतारचढाव देखिए। बीच-बीचमा उनी फा फु सामाजिक सञ्जाल स्टाटस पोस्ट गर्थिन् र प्रशंसकसँग घेरथोर अन्तक्रिया। मंगलबार राती उनले सामाजिक सञ्जालमा मर्मस्पर्शी र अर्थपूर्ण कुरा पोस्ट गरेकी छन्। सन् २०१६ ले आफ्नो जीवन मानसिक स्वास्थ्यसँग जुधिरहेको कुरा उनले उल्लेख गरेकी छन् ।

❒ वर्ष ३१ अंक १७५ ❒ २०८२ माघ ८ गते बिहीबार 22 January 2026, Thuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा दुई पदका लागि ३० जना चुनावी मैदानमा

कृष्ण पोखरेल

**पाल्पा,** माघ ७/दुई वटा निर्वाचन क्षेत्र रहेको पाल्पामा ३० जनाको उम्मेदवारी परेको छ । दुई पदका लागि आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा जिल्लाबाट सात स्वतन्त्रसहित ३० जना चुनावी मैदानमा उत्रिएका छन् ।

मंगलबार क्षेत्र नं.२ को जिल्ला सदरमुकाममा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं १ को रामपुरमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारहरूले फूलमाला लगाएर बाजागाजाका साथ दलबल लिएर मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा गई मनोनयनपत्र दर्ता गराएका हुन् । विगतका निर्वाचनहरु भन्दा यस पटक अधिकांस दलहरुले नयाँ र युवा उम्मेदवारहरु उठाएपछि मतदाहरुमा




उत्साह छाएको छ । जिल्लामा नेपाली काँग्रेसले दुवै जना नयाँ अनुहारलाई चुनावी मैदानमा उतारेको छ । नेकपा एमालेले निवर्तमान सांसदलाई नै उम्मेदवार बनाएको छ । रास्वपाले दुबै निर्वाचन क्षेत्रमा नयाँ उम्मेदवार बनाएको छ । नेकपाले पूर्व उद्योगमन्त्रीलाई उम्मेदवार बनाएको छ । यहाँ अधिकाशं उम्मेदवार नयाँ रहेका छन् । जिल्लामा एक जना राष्ट्रिय जनमोर्चाबाट मात्र महिला उम्मेदवारी परेको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम तथ्यांकअनुसार १४ राजनीतिक दल र ७ जना स्वतन्त्र गरी ३० जनाले उम्मेदवारी मनोनयन दर्ता गराई चुनावी मैदानमा उत्रिएका हुन् । पाल्पा क्षेत्र नं. १ बाट ९ दल र ४ स्वतन्त्रले उम्मेदवारी दिएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*


## सक्षिप्त समाचार

### बम विस्फोट सातको मृत्यु

(रासस/एएफपी)

**काबुल,** माघ ७/अफगानिस्तानको राजधानी काबुलमा सोमबार भएको विस्फोटमा परी कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य एक दर्जनभन्दा बढी घाइते भएको एक गैरसरकारी संस्थाले जानकारी दिएको छ । शार-ए-नव क्षेत्रमा फूल बेच्ने व्यक्तिहरूका लागि परिचित सडकमा विस्फोट भएपछि आपतकालीन सेवाहरू घटनास्थलमा पुगेका देखिएका एएफपीका एक पत्रकारले बताएका छन् । अफगानिस्तानमा इमर्जेन्सी स्वास्थ्य सेवा दिइरहेको इटालीको एक गैरसरकारी संस्थाले आफ्नो अस्पतालमा उपचारका क्रममा सात जनाको मृत्यु भएको जनाएको छ भने अन्य १३ जनालाई शल्यक्रिया विभागमा भर्ना गरिएको छ । "घाइतेहरूमा चार महिला र एक बच्चा पनि छन्," एनजीओका राष्ट्रिय निर्देशक डेजान प्यानिकले एक विज्ञप्ति जारी गरी जानकारी गराएका छन् । एक फूल पसलका मालिकले सुरक्षाको कारण नाम नबताउने शर्तमा भने, "विस्फोट दिउँसो ३:३० बजे आफ्नो अगाडि सडकको अर्को छेउमा भएको थियो।" उनले भीडभाड भएको क्षेत्रमा विस्फोटको 'कडा आवाज' सुनेको एएफपीसँग बताएका छन् ।

## मलामी बोकेको जिप दुर्घटनामा एकको मृत्यु



**पाल्पा,** माघ ७/पाल्पाबाट मलामी बोकेर रिडी जाँदै गरेको जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । यहाँको रिब्दिकोट गाउँपालिका-१ ख्याहा जोगीथुमबाट रिडीघाटतर्फ मलामी लिएर जाँदै गरेको डबल क्याब बोलेरो जिप दुर्घटना हुँदा जोगिथुमका अन्दाजी ३० वर्षीय टीकाराम कुमालको मृत्यु भएको रिब्दीकोट -१ का वडा अध्यक्ष चिरञ्जी पोखरेलले जानकारी दिए ।

उनका अनुसार मलामी लिएर रिडी जाँदै गर्दा गुल्मीको रिडी-खर्ज्याङ सडक खण्ड स्थित खोल्टेपानीमा लु १ च ६९८५ नम्बरको डबल क्याब बोलेरो जिप दुर्घटना भएको हो । कुमालको रिडी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका क्रममा मृत्यु भएको जनाइएको छ । दुर्घटनामा ६ जना घाइते भएको वडा अध्यक्ष पोखरेलले बताए । गाडी सडकदेखि करिब १० मिटर तल खसेको छ । शवलाई पोष्टमार्टको लागि गुल्मीको तम्घास पठाइएको वडा अध्यक्ष पोखरेलले बताए ।

## छ महिनामै थपियो एक खर्ब ३२ अर्ब ३४ करोड सार्वजनिक ऋण
## तिर्न बाँकी सरकारी ऋण २८ खर्ब नाघ्यो

**पाल्पा,** माघ ७/राजस्वबाट सरकारको खर्च भरथेग नभएपछि मुलुकमा सार्वजनिक ऋणको भार बढ्दै गएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्तसम्ममा एक खर्ब ३२ अर्ब ३४ करोड सार्वजनिक ऋण बढेको छ । उक्त आर्थिक वर्षको साउनसम्म्म कूल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा ६ महिनाको अवधिमा बढेर २८ खर्ब छ अर्ब ३९ करोड पुगेको हो ।




हाल सरकारले तिर्न बाँकी कूल सरकारी ऋण कूल गार्हस्थ्य उत्पादनको ४५ दशमलव ९५ प्रतिशत छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशतअर्थात् १४ खर्ब ८७ अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशतअर्थात् १३ खर्ब १९ अर्ब १३ करोड १० लाख रहेको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६० र बाह्य ऋणको अनुपात २४ दशमलव ३५ प्रतिशत रहेको छ । सरकारले चालु आवका लागि पाँच खर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ । जुन वार्षिक लक्ष्यको ३६ दशमलव ०२ प्रतिशत हुन आउँछ । पछिल्लो छ महिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२ दशमलव ८१ र बाह्य ऋणको हिस्सा १७ दशमलव १९ प्रतिशत रहेको कार्यालयले जनाएको छ । सरकारले चालु आवका लागि तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ । त्यस्तै, बाह्य ऋणतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म ३६ अर्ब ८९ करोड २२ लाख मात्रै उठाएको छ । सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठूलो रकम खर्च भएको छ । सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आवका लागि चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा एक खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ । सामान्यत: सरकारले देशभित्र तथा बाहिरबाट लिने ऋणलाई सार्वजनिक ऋण भनिन्छ । स्वदेशभित्रैबाट लिइने ऋणलाई आन्तरिक र देशभन्दा बाहिरबाट लिइने ऋणलाई बाह्य ऋण भन्ने गरिन्छ। खास गरी सार्वजनिक ऋण सरकारी घाटा बजेट परिपूर्ति गर्न लिने गरिन्छ । त्यसैगरी आर्थिक मन्दी, मूल्यवृद्धि नियन्त्रण, मुलुकको भौतिक पूर्वाधार निर्माणलगायत काम गर्न पनि सार्वजनिक ऋण लिने प्रचलन रहेको छ । नेपालमा संकलन हुने राजस्वबाट चालु खर्चसमेत धान्न धौधौ हुने भएकाले वैदेशिक ऋण लिएर विकास तथा पूर्वाधार निर्माणको काम गरिँदै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निर्वाचनमा उत्साहको संकेत

प्रतिनिधिसभाको निर्वाचन हुन अब ४२ दिन बाँकी छ । लामो समयदेखि निर्वाचनको अन्योल कायमै छ भन्ने चर्चा चलिरहे पनि मंगलबार देशभर उत्साहपूर्ण रुपमा उम्मेदवारी मनोनयन दर्ता भएसँगै अब निर्वाचनको माहोल स्पष्ट रूपमा बनेको छ । अब निर्वाचन हुँदैन भन्ने तर्कको कुनै तुक छैन् ।

चुनावका बारेमा आशंका भइरहेका बेला मनोनयनमा देखिएको उत्साहले चुनावको वातावरण बनाउन विश्वासिलो आधार तयार गरेको छ । राजनैतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले समर्थकसहित उत्साहजनक रुपमा मनोनयन दर्ता गरेका छन् । यस पटक देखिएको मनोनयन प्रक्रियाबाट निर्वाचन निकै रोमाञ्चक र उत्साहजनक हुने संकेत मिलेका छन् । विगत निर्वाचनमा सरिक नभएका नयाँ अनुहार पनि यस पटक देखिएका छन् । अझ रोचक पक्ष, सूचना प्रविधिको उच्चतालाई यस पटकको निर्वाचनमा गरिने प्रयोग महसुस गर्न पाइनेछ । सूचना प्रविधिको प्रयोग मात्र होइन, दुरुपयोगको पनि उत्तिकै खतरा छ । यसबाट निर्वाचनलाई कसरी जोगाउने र मतदाताले सही निर्णय गर्न सक्ने अवस्था कसरी ल्याउन सकिन्छ भन्ने चिन्ता अहिले सर्वत्र छ । गलत सूचनाकै आधारमा बेठिक मानिसलाई प्रतिनिधि बनाएर पठाउने अवस्था आउँदा मुलुकले त्यसको मूल्य भविष्यमा चुकाउनुपर्ने हुन्छ ।

पाँच वर्ष कार्यकाल भएको प्रतिनिधिसभा विघटन भएपछि तीन वर्षमै चुनाव हुन लागेको हो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र विध्वंशपछि प्रतिनिधिसभा विघटन भएपछि अहिले चुनावको बाध्यता आइलागेको हो । यो चुनाव यस अर्थमा महत्वपूर्ण छ कि अहिले संविधानले बाटो बिराएको छ, बाटो बिराएको संविधानलाई लयमा ल्याउन चुनाव नै अनिवार्य छ । संवैधानिक प्रबन्धअनुसार चुनावबाट आउने नेतृत्वले मुलुक सम्हाल्दा मात्रै मुलुकले लय समात्न सक्छ । तसर्थ घोषित मितिमा चुनाव नहुने र अन्तरिम सरकार लामो समयसम्म अघि जाँदा मुलुकमा अराजकता बढ्दा मुलुक थप कमजोर बन्ने भएकाले चुनाव तोकिएको मितिमा सम्पन्न गर्नु अहिलेको उत्तम विकल्प हो ।

## Opinion @ Socia Network

सबैभन्दा चुप लागेर बस्ने मानिसहरू नै
सबैभन्दा गहिरो सोच बोकेर हिँड्छन् !

(माया शर्माको **फेसबुक स्टाटसबाट** www.facebook.com/Maya.Sharma)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुराना राजनीतिक दल सुध्रिए नयाँ आवश्यक छैन



सुरेश भट्ट आश्रिन

**प्रविधिमा आउने नयाँ चिन्तनले समाजलाई नयाँ नयाँ वस्तुको आविष्कार गर्न मदत गर्छ । श्रम सिप माथि आउने नयाँ चिन्तनले समाजलाई कला संस्कृतिको जगेर्ना मात्रै गराउँदैन बरु सामाजिक अग्र गतिलाई समेत यथोचित न्याय दिलाउँछ । विज्ञान प्रविधिको विकासलाई सार्थकता दिन्छ भने, राजनीतिमा देखा पर्ने वैकल्पिक चिन्तनले यी सबै कुराको यथोचित व्यवस्थापनका साथै देश काल परिस्थितिको मागमुताबिक प्रयोग गर्ने र सामाजिक आवश्यकताहरूको नयाँ खोजी गर्न सिकाउँछ । अन्यथा यसो नगर्ने राजनीति के को वैकल्पिक, के को नयाँ ? बितेको एक दशकमा हामीले वैकल्पिक राजनीतिको अभ्यास र वैकल्पिक भनिएका राजनीतिक दलहरूको राजनैतिक चरित्र हेर्‍यौँ । विवेकशील नेपाली दल हुँदै विवेकशील साझा, नयाँ शक्ति हुँदै लोसपा र राष्ट्रिय स्वतन्त्र पार्टीलाई वैकल्पिक राजनीतिको रूपमा मात्रै हेरेनौँ ती दलहरूलाई स्थापित गर्न प्रकारान्तरले भूमिका पनि खेल्यौ ।**

सुरेश भट्ट आश्रिननेपाली राजनीतिमा नयाँ राजनीतिक सम्भावना र वैकल्पिक राजनीतिको खोजी पछिल्लो एक दशकदेखि भइरहेको छ । राजनीतिक रूपमा व्यवस्था परिवर्तनसँगै र आन्दोलनहरूको मर्म अनुरूप नागरिकमा आउनुपर्ने खुसी र सन्तुष्टि उनीहरूका लागि सपना जस्तै भयो । त्यसैले अहिले देशमा असन्तुष्टि तीव्र छ । त्यही असन्तुष्टिलाई क्यास गर्दै अहिले नयाँ राजनीतिक प्रयत्नहरू भइरहेका छन् । मुख्यत: नागरिक असन्तुष्टिलाई नागरिक आशामा बदल्ने राजनीतिक प्रयत्नका लागि वैकल्पिक राजनीति वा नयाँ राजनीतिका प्रयत्नहरू भइरहेका छन् । वस्तुत: वैकल्पिक राजनीति वा नयाँ राजनीति मुख्यत: यी असन्तुष्टिहरुको सही कारण पत्ता लगाई नागरिकको रोजगार, शिक्षा, स्वास्थ्य, पहिचान र शान्ति जस्ता आकांक्षा पुरा गर्ने राजनीति हो । यो अर्थमा वैकल्पिक चिन्तन केवल राजनीतिक प्रणाली र अर्थतन्त्रको सवाल मात्र होइन । यो आत्मसम्मान साथ बाच्न पाउने सपनाहरूको अभिव्यक्ति र सामाजिक सार्वजनिक चिन्तनको नवीन प्रयोग पनि हो । यो अर्थमा वैकल्पिक राजनीतिको माग स्वाभाविक हो । वैकल्पिक वा नयाँ राजनीतिक चिन्तनले केवल राजनीतिक प्रसङ्ग र सत्ताको छिनाझपटीमा सीमित रहँदैन । विज्ञानमा आउने वैकल्पिक चिन्तनले समाजलाई नयाँ अनुसन्धानतिर डोऱ्याउँछ ।

प्रविधिमा आउने नयाँ चिन्तनले समाजलाई नयाँ नयाँ वस्तुको आविष्कार गर्न मदत गर्छ । श्रम सिप माथि आउने नयाँ चिन्तनले समाजलाई कला संस्कृतिको जगेर्ना मात्रै गराउँदैन बरु सामाजिक अग्र गतिलाई समेत यथोचित न्याय दिलाउँछ । विज्ञान प्रविधिको विकासलाई सार्थकता दिन्छ भने, राजनीतिमा देखा पर्ने वैकल्पिक चिन्तनले यी सबै कुराको यथोचित व्यवस्थापनका साथै देश काल परिस्थितिको मागमुताबिक प्रयोग गर्ने र सामाजिक आवश्यकताहरूको नयाँ खोजी गर्न सिकाउँछ । अन्यथा यसो नगर्ने राजनीति के को वैकल्पिक, के को नयाँ ? बितेको एक दशकमा हामीले वैकल्पिक राजनीतिको अभ्यास र वैकल्पिक भनिएका राजनीतिक दलहरूको राजनैतिक चरित्र हेर्‍यौँ । विवेकशील नेपाली दल हुँदै विवेकशील साझा, नयाँ शक्ति हुँदै लोसपा र राष्ट्रिय स्वतन्त्र पार्टीलाई वैकल्पिक राजनीतिको रूपमा मात्रै हेरेनौं ती दलहरूलाई स्थापित गर्न प्रकारान्तरले भूमिका पनि खेल्यौ । तर, विवेकशील नेपाली दल पछि मूल्य-मान्यता र राजनीतिक विचारको हिसाबले नयाँ भनिएका वैकल्पिक राजनीतिक दलहरू विकल्पका रूपमा उदाएका जस्ता देखिन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई वैकल्पिक राजनीतिक पार्टी भन्न सकिरहेको छैन । त्यहाँ पुराना राजनीतिक दलमा स्पेस नपाएका, पुराना दलहरूले समातेको राजनीतिक अपराधीकरणको बाटो र व्याप्त भ्रष्टाचारले गर्दा आजित भएका फ्रस्टेड व्यक्तिहरूले विकल्पका रूपमा आफूलाई उभ्याएका मात्रै हुन् । यिनै नयाँ भनिएका दल छोटो अवधिमै सकारमा सामेल भए पुरानै दलको नेतृत्वमा बनेको सरकारलाई समर्थन दिए । यी दलले गठबन्धनको वैचारिक र चरित्रलाई समेत ध्यान दिएको देखिएन । एमाले-माओवादी गठबन्धनलाई पनि यी रास्वपाको समर्थन थियो, १०० दिन नपुग्दै बदलिएको नेपाली कांग्रेस-माओवादी केन्द्र लगायतको गठबन्धनलाई समेत विश्वासको मत दिए । रास्वपाको चरित्र र व्यवहार यसबिच झनै अनौठो रह्‍यो । पुराना दलको बदलामा एक नयाँ राजनीतिक वैकल्पिक शक्ति बन्ने उद्घोष गरेर चुनाव लडेको यो दल लगत्तै सरकारमा सामेल भयो । सरकारमा सहभागिताका लागि केही समय एमाले र यसका अध्यक्ष केपी शर्मा ओलीसँग निकट भयो । एमाले-माओवादी केन्द्र लगायतको गठबन्धनमा सामेल भयो । त्यहाँभित्र भागबन्डा खोज्यो । आफ्ना कर्तुत छोप्न शक्तिशाली मन्त्रालय रोज्यो । सभापति रवि लामिछानेको नागरिकता विवाद, राहदानी, सहकारी ठगी, संगठित अपराध आदि जोगाउन पछिल्लो समय महान्यायाधिवक्ताको कार्यालय समेत जोडिएको विषयले झनै रास्वपालाई षडयन्त्रको राजनीति गर्ने पार्टीको रूपमा चरितार्थ गरेको देखिन्छ । यस्तो जटिल नैतिक तथा राजनीतिक सङ्कटबिच रास्वपालाई जनताले अनुमोदन गर्लान् ? नयाँ भनिएका दलले छोटो समयमै देखाएको सत्ता मोह, अकर्मण्यता र अपरिपक्वतालाई जनताले मन पराएका छैनन् । यसले गर्दा दुई प्रकारका मनोविज्ञान विकसित हुन खोजेको छ । एक- नयाँ दलको यस्तो चरित्रले बरु पुरानै पो ठिक थिए कि, यी नयाँ भनिएकाहरू झन् पुराना जत्तिका पनि भएनन्, पुरानै दल सुध्रिए हुन्थ्यो भन्ने मनोभावनालाई बल प्रदान गरेको छ । दोस्रो- पुराना दल सुध्रि कुनै सम्भावना छैन, नयाँ दलको पनि हालत, हविगत देखियो । यी गम्भीर विचार, सिद्धान्त र एजेन्डाप्रति प्रतिबद्धभन्दा बढी सत्तालोलुप, पपुलिस्ट र हावादारी देखिए । तसर्थ गम्भीर र संवेदनशील प्रकृतिका वैकल्पिक दलको स्पेस र आवश्यकता पूरा भएन भन्ने निराशा बिच नेपाली काँग्रेसमा गगनको विद्रोहले झनै पुराना दलहरू प्रति आशा जगाएको छ । पुराना दल सुध्रिनै पर्छ । यदि पुराना दल नसुध्रि, नयाँ भनिएकाको चरित्र अझै कमजोर, सन्दिग्ध हुने र आफूलाई लोकतन्त्रको हिमायती ठान्ने नेपाली काँग्रेसले जुटको आकार लिन नसक्ने हो भने लोकतन्त्र कसरी चल्ला ? देश कसरी बन्ला भन्ने चिन्ता छाएको छ । यो कोणबाट हेर्दा देशमा एक प्रकारको राजनीतिक रिक्तता वा शक्ति शून्यताको अनुभूति स्वाभाविक हुन्छ । यहाँनेर सबैले बुझ्नुपर्ने कुरा के छ भने राजनीतिक समस्याहरूको समाधान निरपेक्ष हुँदैन समयसापेक्ष हुन्छ । विकल्प आफै निर्विकल्पक रूपमा कहिल्यै रहँदैन त्यो पनि विकल्पहरूको लामो ताँतीमा असल मध्य असल चयन गर्ने हो । समय गतिशील छ, समाज गतिशील छ, समस्या र समाधानहरुपनि गतिशील नै हुने कुरा नै प्रगतिवादी मान्यता हो । यदि कसैले एउटै कुरालाई सधैँको लागि निरपेक्ष विकल्पको रूपमा प्रस्तुत गर्छ भने त्यसले समय, समाज वा वस्तुको गतिशीलतालाई नबुझेको वा बुझ पचाएको ठहर्छ । नेपाली राजनीतिमा हाल रहेको कलुषित आचरणलाई चिर्न युवा काँग्रेसले जुन जागरूकता देखायो यो नै अहिलेको विकल्प प्रस्तुत भइरहेको छ । पुराना दलहरू भित्रको विद्रोहले एकाध व्यक्तिले बाँचुन्जेल नेतृत्व गर्ने एकाङ्गी प्रणालीलाई प्रश्न मात्रै गरेन । यसले राष्ट्रिय राजनीतिमा सुधारको प्रारम्भ पनि गऱ्यो । पुराना राजनीतिक दलहरू प्रति उठेका प्रश्नलाई चिन्तनको स्वरूप ग्रहण गर्ने सामर्थ्य पनि राख्यो । तर अझै केही व्यक्तिका कारण राजनीतिको भाष्यलाई तोडमोड गरेर समय, काल परिस्थितिलाई दोष थुपार्दै व्यक्तिगत स्वार्थका आडमा लामो विरासत र ठुलो आन्दोलनको जगबाट उठेको राजनीतिलाई नयाँ पुस्ताको हातमा जिम्मा नलगाई विसर्जनको बाटोमा लैजान खोजिँदै छ , त्यसो हुनु हुँदैन । आजको पपुलिजमलाई काउन्टर गर्न सक्ने र अनुभवी एउटा भरपर्दो पुस्ता पुराना राजनीतिक पार्टीभित्रै छन् त्यसको खोजी पहिचान हुनुपर्छ । ती सामाजिक प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य बोकेका व्यक्ति हुन्। सबैजसो पार्टीमा नयाँ नेतृत्वको 'स्वर्ण आरती' भइरहँदा समयको पदचाप बुझेर अब कुर्सी छाड्दा पुराना नेताहरूको राजनीति सकिँदैन । झनै उनीहरूको योगदानले राजनीतिमा अर्को इँटा थपिन्छ । इतिहासले सम्मानपूर्वक सम्झनेछ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुरानो कार्य पूरा गर्दै नयाँ कार्यको थालनि हुने समय रहेको छ। | **तुला** : नेतृत्व क्षमता उच्च रहनेछ तर अहंकारलाई पछाडि राख्नुहोला। |
| **वृष** : सुनौलो सुअवसर प्राप्त होला। कार्यक्षेत्रमा कामको उचित सम्मान पाईनेछ। | **वृश्चिक** : धेरै कुराहरु मनमा खेल्नाले मन केही अशान्त रहन सक्छ। |
| **मिथुन** : तनाव व्यवस्थापन गर्नुहोला। स्वास्थ्यमा समस्या आँउनसक्छ । | **धनु** :छापाखाना र पुस्तकालयसँग सम्बन्धित नयाँ अवसर देखा पर्ने सम्भावना छ। |
| **कर्कट** : भावनामा चञ्चलता आँउनेछ। मेहनतको परिणाम सकारात्मक रहनेछ। | **मकर** : काममा व्यस्तता धेरै बढ्नाले आफुमापनि ध्यान दिएर काम गर्नुहोला। |
| **सिंह** : नयाँ कार्य थालनी होला। भरोसा गर्दाभने सोचविचार अवश्य पुर्याउनुहोला। | **कुम्भ** : सोचेका र आँटेका कुरा पूरा हुनेछन्।सेवाको कामगर्दा सम्मान पाईनेछ। |
| **कन्या** : आर्थिक स्थिति स्थिर र सबल रहनेछ। गरेको प्रयासले कार्य सफल हुनेछ। | **मीन** : अचानक धनराशि खर्च हुनसक्ने खर्च गर्दा विचार पुर्याएर गर्नुहोला। |




निबन्ध — डा. नवराज सुब्बा

# ज्ञान, विज्ञान र विवेकको त्रिवेणी जीवन

उहिले विद्यालय पढ्दा कक्षाकोठामा धन ठूलो कि विद्या ठूला ? कलम ठूलो कि तरवार ठूलो ? गाउँले जीवन राम्रो कि शहरी जीवन राम्रो ? भनेर हामी वादविवाद गर्दथ्यौं । हामीले पक्ष र विपक्षबारे अध्ययन र विश्लेषण गरेर पक्ष र विपक्षमा राख्ने तर्कहरू मनमनै तयार पार्दथ्यौं । यी दुई पक्ष र विपक्षमा कुनमा बोल्ने हो त्यसको निर्धारण प्रतियोगिताकै बेला गुरूको सामु गएर गोलाप्रथाद्वारा पक्ष वा विपक्षको निर्धारण तत्काल हुने गर्दथ्यो । हेर्दा सरल लाग्ने वादविवाद प्रतियोगिताको यो अभ्यासले भावी जीवनमा आइपर्ने जुनसुकै चुनौती स्वीकार गर्न मानसिक रूपमा तयार पारेको, जीवन जिउने कला सिकाएको, जीवनलाई हेर्ने दृष्टिकोण र मार्गको प्रारम्भिक दर्शन गराएको थियो । यस क्रियाकलापमा विभिन्न सन्देशहरू अन्तर्निहित थिए, जस्तै- तिमी कुनै पक्ष र विपक्षको कुरा सुन, जान, मनमा गुन अर्थात् दुवै पक्षको राम्ररी अध्ययन र विश्लेषण गर । जीवन र जगतका विषयवस्तुलाई दुवैतर्फबाट नियालेर हेर । दुवैका राम्रा र नराम्रा पक्ष केलाऊ तर पूर्वाग्राही नबन इत्यादि । जीवनको अन्तिम चरण अर्थात् मर्ने बेलामा कतिपय साहित्यकारहरू विज्ञानको महत्व अवमूल्यन गर्दै अभिव्यक्त भएका छन् । कोही अनायास आफू ज्ञानको पक्षपाति हुन गएको घोषणा गर्ने गर्दछन् । विज्ञानले दिएको उपहार कलम, कागज वा मोबाइल, ल्यापटपसित जीवनभर सिर्जनामा रम्दै मर्ने बेलामा उल्टै विज्ञानकै खोइरो खनेको देख्दा मलाई उदेक लाग्दछ । म यसलाई पूर्वाग्रही सोंच ठान्दछु । यो बुझाइमा परेको एकाङ्गीपन वा फरकपन हो । यसरी विज्ञानलाई चोर औंलाले कमी देखाउँदा बाँकी चार औंलाले हामीलाई हाम्रो अज्ञानतातिर संकेत गर्ने गर्दछ । हुन त यो पङ्तिकार साहित्यकारहरूलाई उपदेश दिने कुनै सफल साहित्यकार होइन । एउटा पाठक तथा एक सामान्य लेखकको रूपमा समकालीन नेपाली साहित्यमा रहेको जनधारणाप्रति गरिएको यो एक विश्लेषण र प्रतिक्रिया मात्र हो । ज्ञान, विज्ञान र विवेकलाई हेर्ने मेरो व्यक्तिगत अवधारणा हो । शब्द व्युत्पत्तिलाई नै पहिले नियालौं । वि+ज्ञान विज्ञान । ज्ञानमा 'वि' उपसर्ग लागेर विज्ञान बनेको छ । यसले विज्ञान र ज्ञान आपसमा सम्बन्धित छन् भन्ने देखाउँछ । सोचिए जस्तो वि+देशङ्क विदेश जस्तो यिनीहरू विपरार्थी शब्द होइनन् । वि+नियमङ्क विनियम जस्तै एकअर्काका परिपूरक हुन् । समष्टिमा ज्ञान भनेको गन्तव्यको अन्त हो भने त्यहाँ पुगिने माध्यम नै विज्ञान हो । यसैले विज्ञान भनेको विधि वा तरिका हो भने त्यसको सहयोगले प्राप्त अद्यावधिक निष्कर्ष नै ज्ञान हो । यसैले विज्ञानले ज्ञानलाई परीक्षण गरेर परिमार्जित ज्ञानको निष्कर्षमा पुऱ्याउँछ । कतिपय साहित्यकारहरूले विज्ञानबारे आधारभूत मूल्य र मान्यताको जानकारी नहुन सक्छ । पाश्चात्य वाङ्मयमा आधुनिक कालको आरम्भमा विज्ञानलाई अधुरो र अपूरो भनेर काव्यिक प्रलाप प्रकट भए । प्रथम र दोस्रो विश्वयुद्ध तथा नागासाकी र हिरोसिमामा भएको बमविस्फोटले गरेको नरसंहारपश्चात विज्ञानलाई गाली गरियो । जसको प्रभाव नेपाली वाङ्मयमा पनि परेको छ । ज्ञान मर्दछ हाँसेर रोइ मर्दछ विज्ञान भन्ने उक्तिले साहित्यमा निर्धक्क प्रवेश पाए पछि परिवेष, परिणाम र पात्रको तालमेल मिलाएर गरिएका साहित्यिक सम्प्रेषणले पाठकमा यसले गहिरो प्रभाव जमायो । तर्कशास्त्रको कशीमा यथेष्ट मात्रामा नघोटिकन पाठकले सहज पत्याइ दिएर होमा हो बोलीमा लोली मिलाउँदा आम जनमानसमा यसले साँच्चै एकप्रकारको भ्रम पारेको छ कि भन्ने मेरो ठहर छ । त्यसो भए हाम्रा धर्मग्रन्थ र पुराणहरूमा वर्णित ब्रम्हास्त्र आदि शस्त्रहरूको उपस्थितिलाई के भन्ने ? यिनीहरूले युद्धमा गरेको नरसंहारलाई अभिशाप भन्ने कि नभन्ने ? ती युद्धहरूमा पनि ज्ञान र शस्त्र वा विज्ञान दुवैको प्रयोग भएको छ । शस्त्र आफै प्रकट नभएर विजय हासिल गर्ने ज्ञानको उदयपश्चात मात्र युद्धमा अस्त्रशस्त्रको ताण्डव नृत्य मञ्चित भएका छन् । विश्वमा आज जातीय भेदभावको ज्ञान र चेतना फैलाएर तनाव, द्वन्द्व र नरसंहार सम्मको स्थिति उत्पन्न भएका छन् । मानिस शिक्षित र सचेत भएपछि स्वतन्त्रता खोज्छ त्यसपछि ऊ आन्दोलन, विद्रोह र द्वन्द्व अनि नरसंहारसम्मको स्थिति ल्याउन समेत तम्सन्छ । के उसो भए यसलाई पनि ज्ञानको अभिशाप मानेर भोलिदेखि ज्ञानको मूल्यलाई अवमूल्यन गर्ने? यसमा सहमत हुने ठाउँ छैन । बरू, ज्ञान र विज्ञानको बीचमा विवेक घुसाएको खण्डमा समस्या समाधान हुन सक्दछ । ज्ञानले ज्ञानसम्मत निष्कर्ष निकालेको अर्थात् विज्ञानले विज्ञानसम्मत निष्कर्ष निकालेको तर विवेकसम्मत निष्कर्ष निकाल्न नसक्दा ज्ञान वा विज्ञान असफल हुने अवस्था आउँछन् । तर अल्पज्ञानको आधारमा हुन गएको विज्ञानको प्रयोगबाट उत्पन्न दुष्परिणामलाई केवल विज्ञानको मात्र दोष देख्नु पक्कै न्यायोचित हुदैन । विज्ञानिक साधनलाई आज मानिसले सेवक बनाएर काममा लगाएका छन् । कलकारखाना चल्ने रोबोटले औद्योगिक उत्पादन र निजी कम्प्यूटरले मानिसको क्षमता, उत्पादकत्व र गुणस्तरमा अभूतपूर्व उन्नति गरिदिएको छ । विज्ञानले आविष्कार गरेर विकास गरेको हवाइजहाज, मोटर, रेल चढेर मानिस सजिलै देशविदेश घुमफिर गर्ने गरेका छन् । यसरी विज्ञानले मानप जीवन र जगतलाई सहज बनाएको छ । यसो भन्दैमा वैज्ञानिक उन्नतिको फलस्वरूप मानिस अल्छि भएकाले नसर्ने रोग लाग्यो भनेर त्यो दोष पनि विज्ञानलाई नै दिनु पनि तर्कसम्मत हुँदैन हुँदैन । बीसजना मानिसले गर्ने काम एउटै मेशीनले गरिदियो भनेर मजदुरी खोसियो भन्दै विज्ञानलाई सराप्नु मिल्ला र? अवश्य मिल्दैन । हो हतियारले मालिक चिन्दैन । गाडिले पनि मालिक चिन्दैन । त्यसो भन्दैमा मेसिन वा गाडि चलाउन जानेन भने त्यो आफैलाई घातक हुन सक्छ । चलाउन नजानेर हुने ज्यानको नोक्सानीको दोष पनि त्यो हतियार वा गाडिलाई वा विज्ञानलाई नै दिनु पनि पूर्वाग्रही सोचकै परिणाम हो । विज्ञान अपूर्ण छ भनेर तर्क गरिन्छ । यो अवश्य सत्य कुरो हो । किनभने विज्ञानले कुनै पनि सत्यलाई तथ्यसम्मत ढंगले प्रमाणित गर्नु पर्दछ । यो विज्ञानको विशिष्ठता हो, सीमा वा कमी हो । यस अर्थमा विज्ञान अधूरो छ वा अपूर्ण नै छ । यसैले विज्ञानले ज्ञान जस्तो अन्तिम सत्य हुँ भनेर आफू घमण्ड गर्दैन । बरू ज्ञान आफू अन्तिम सत्य हुँ भनेर घमण्ड गर्न पछि नपर्ला । संसारका वैज्ञानिकहरू कुनै पनि सत्यउपर तथ्यपरक ढंगले निष्कर्षमा पुगेपछि सवाल कालो सेतोमा छुट्टिन्छ, र विश्वव्यापी तथ्यको रूपमा स्वीकार्य हुन्छ । विज्ञानले पानीमा हाइड्रोजनको दुइटा र अक्सिजनको एउटा परमाणु मिलेर पानीको एउटा अणु बन्दछ भनेर जब भन्दछ, मेरो देशमा परमाणुको संख्या अलि फरक पर्छ भनेर कुनै वैज्ञानिकले विवाद गर्दैन । किनभने यसले परीक्षण र तर्कको लामो चरण पूरा गरिसकेको छ । तर नेपालको एउटा ज्ञानीको ज्ञान अर्को जात, धर्म वा भूगोलका मानिसलाई कदापि जच्दैन । किनभने ज्ञान तथ्यपरक नहुन पनि सक्छन् । ज्ञानलाई ज्ञानीहरूले जडशुत्र बनाएर पेवा बनाउन पनि खोज्छन् । तर विज्ञान खुल्ला सत्य हो सर्वत्र तथ्य हो । हो, सबै सत्यलाई विज्ञानजस्तो तथ्यले प्रमाणित गर्न असम्भव छ, भन्ने सुविधाको आडह्मा सबै ज्ञान सबैलाई जच्दैनन् भन्ने कुरा ज्ञानीहरू स्वयम्ले बुझ्नु पर्दछ । म ठूलो, तँ सानो भन्ने भावना त्याग्नु पनि जरूरी छ । अर्थात् ज्ञान ठूलो, विज्ञान सानो अर्थात् विज्ञान ठूलो, ज्ञान सानो भन्ने पूर्वाग्रहबाट मुक्त सोंचको खाँचो छ । पाठकलाई निराशावादी सन्देश तथा नकारात्मक भाव सम्प्रेषण गरेर दिग्भ्रमित पार्नु हुँदैन । जीवन केही होइन रहेछ, सत्य कहीं छैन रहेछ जस्ता नकारात्मक सोंच वा शून्य वा हीन धारणाको विकास व्यक्तिको मानसिक स्वास्थ्यसित गाँसिन्छ । जसरी शरीरलाई अन्त्य गर्ने रोगको उत्पत्ति पनि शरीर भित्रै हुन्छ त्यसरी नै समाज बिगार्ने तत्व वा मानिसको जन्म पनि समाजमा नै हुन्छ । समाजले नै जन्माएको र सदा सम्मान दिएको साहित्यकारवर्गले सदा यही समाज र सामाजिक प्रणाली सफल होस् भनेर भरसक सर्वजनहिताय नभए बहुजनहिताय कर्म र सिर्जना गरि सकारात्मक सन्देश प्रवाह गर्नु पर्दछ न कि जीवनदेखि पलायन हुने निकासतर्फ उन्मुख व्यक्तिवाद वा स्वार्थवादको पक्षपोषण । मानिस स्वभावैले बैगुनी जाती हो भनिन्छ । तर म भन्छु, मानिस मर्ने बेलामा कमसेकम पूर्वाग्राही नबनोस् । सभ्यताका प्रारम्भिक चरणमा पनि मानिसले ज्ञान आएर विज्ञानकै सहाराले ढुङ्गामा धार लगाएर हतियार बनायो, शिकार खेल्यो, विज्ञानको सहयोगमा आगो बाल्न जान्यो, आगोमा मासु पोल्यो वा खाना पकाउन जानेकाले नै मानिसको अस्तित्व आज यहाँसम्म संभव भयो । यसैले मानिसको अस्तित्वसित ज्ञानसितै विज्ञान पनि परापूर्वकालदेखि गाँसिएर आएको छ । यद्यपि यही हतियारले मानिसले जनावर मात्र मारेन पक्कै आफ्नै वंश पनि माऱ्यो । हुन त, युद्ध, र द्वन्द्व पनि जनसंख्या नियन्त्रणको प्राकृतिक नियम नै मानिन्छ । हाम्रो ध्यान यस्ता मानवनिर्मित मानवक्षति न्यूनतम् होस् भन्नेमा केन्द्रीत हुनुपर्दछ । त्यसैले ज्ञान र विज्ञानलाई विवेकको करेली लगाएर हाँक्न सके मात्र मानिसको अस्तित्व दीर्घकालीन हुनेछ । आज वैज्ञानिकहरूले मानिसको वस्ति पृथ्वीमा मात्र सीमित भएमा एकदिन मानवजातिको लोप हुने भएकाले अन्य ग्रहमा पनि मानव वसोवासको संभावनाको खोजी गरिरहेका छन् । फरक गुरूत्वाकर्षण र परिवेशयुक्त ग्रहमा मानिसको आयु १०० वर्षबाट बढाउन सकिने विज्ञानले दावी गरिरहेको छ । यसैले अनन्त ज्ञान, सटिक विज्ञान र आशावादी सोंचलाई सदा विवेकको करेलीले हाँके मात्र मानवजातिको अस्तित्व अनन्तकालसम्म सम्भव छ । र अन्त्यमा, हेर ! हाँसेको ज्ञान मर्ने बेलामा पनि कत्ति रून्छ अज्ञान जाने बेला भो भनि ।।

*-समकालीन साहित्य डटकम*

कथा — प्रविण खपाङ्गी

# मुद्दा लडेपछि

*नयाँ पार्टीमा लागेपछि झन् बाको चुरीफुरी सानो मात्रै थिएन । हिजोका दिनमा माउवादी देखि नसहने हाम्रा बा कमरेड अग्नि भएर नयाँ पार्टीमा प्रभुत्व जमाउँदै थिए । बुवालाई कुनै हालतमा बडाबासँग मुद्दामामिला नगर्न आमा र मैले निकै सम्झाएपनि बा सुन्ने पक्षमा देखिएनन् । इलामबाटै बी.ए.सकाएर त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस भर्ना भएँ । बसाइँ बागबजारमा सुदर्शन दाईसँग हुने भयो, उनी मेरा मामाका छोरा थिए । दाई बागबजारमै एउटा पब्लिकेशनमा जागिर गर्थे, उनी एक्लै बस्ने भएकोले मलाई पनि साथी हुन्छ सँगै बसौं भनेर दाइले नै भनेपछि मेरो डेरा खोज्ने झन्झट टरेको थियो । बिहानै उठेर खाना बनाउने अनि खाएर हिँड्दै पुरानो बसपार्कसम्म जाने अनि कीर्तिपुरको लामो बस चढेर क्याम्पस जाने मेरो दैनिकी थियो । पढाई राम्रै चल्दै थियो । लगभग दुई महिना पछिको कुरा हो, एकदिन बसपार्कमा बसको झ्यालबाट बाहिर हेर्दै टोलाइरहेको थिएँ, अचानक गाउँले भाइ टंकु एकजना अपरिचित मान्छेसँग देखियो । निकै हतारमा जस्तो देखिएको उसले सदाझैं ल्याङ्क्या पारामा कुनै गाडी पर्खेजस्तो गर्दै त्यो मान्छेसँग गफ गर्दै थियो । विदेश गएर छुट्टीमा आएको उसको फर्किने बेला भैसकेको रहेछ क्यारे भन्ठानें ।*

२०६४ साल । पार्टीको गाउँ कमिटी अध्यक्षमा नराम्रोसँग हारेपछि बा नयाँ पार्टीमा प्रवेश गरेका थिए । हारको पीडाले निकै नै रन्थनिएका थिए । घरमा पनि रिसाउने झर्किने गरेर केही दिन त उत्पात नै मच्चाएका थिए । बुवाको बडाबासँगको जग्गाको किचलो पुरानै थियो, बडाबा भन्दा पढालिखा, घरको कान्छो छोरो भाकोले बा टाठाबाठा हुन पाए । खासमा जिउनीको विषयमा रडाको थियो । ठुटे नेता भइ हिन्दा कहिल्यै पनि हजुरबा हजुरआमा बाको प्राथमिकतामा परेनन्, उहाँहरू बडाबासँग नै बस्नुहुन्थ्यो । त्यसै कारण बडाबाको घर नै मुलघर जस्तो थियो । नेपाली समाजको चलन र सरसर्ती हेर्दा पनि बुढेसकालमा जसले स्याहारसुसार गर्छ उसैले बाबुआमाको जिउनी पाउने कुरा जायज नै लाग्थ्यो । मैले थाहा पाइकन बाले दशैंमा बाहेक अरुबेला हजुरबा हजुरआमाको कहिल्यै खासै सोधीखोजी गरेको देखिँदैनथ्यो । दशैंमा भने बडाबाकामा टीका लगाइदिइसकेर हजुरबा हजुरआमा हाम्रोमा आउनै पर्थ्यो, अनिमात्र हाम्रो परिवार बडाबाकोमा जान्थ्यौं । बुवाआमाको औषधि उपचारको व्यवस्था पनि प्राय: बडाबाले नै गर्ने गरेको मलाई थाहा छ । “बा आमा जेठ्दाईकोमा नै ज्यादा खुशी हुन्छन्...मेरोमा नै बस्दा पनि हुने हो नि के गर्नु उनीहर्लाई जेठै छोरो प्यारो छन् पहिलैदेखि...जता बसेपनि साह्रोगाह्रोमा दोइ भाइले हेरिन्छ” कसैले आमाबाबुको बारेमा सोध्दा बाको यो रेडिमेड उत्तर हुन्थ्यो र यसो चाडबाडमा देखासिकीजस्तो गरेर बाले हजुरबा हजुरआमालाई बोलाइटोपल्थे । तर यथार्थ त्यस्तो थिएन...बाले हजुरबा हजुरआमालाई निकै नै बेवास्ता गर्थे । घरमा आमा र मेरो खासै केही चल्दैनथ्यो, सबै बाको निर्णयमा घर चलेको थियो ।

खेतीकिसानी गर्ने बडाबाले दु:खसुख गरेर हजुरबा हजुरआमालाई निकै नै खुशीसाथ राखेका थिए । अंशबन्डा भइसकेकाले जिउनीमा हजुरबा हजुरआमाको आफ्नो निर्णय गर्न पाउने अधिकार थियो । जिउनी पनि निकै राम्रो ३ रोपनी पाखोबारी थियो पहाडमा । बाको दाबी चैं आधा आधा हुनुपर्छ, दाजुभाइले बराबर हेरेको छ बाउआमा भन्ने थियो । खाली जिउनी बराबर नभएमा मुद्दा हाल्ने भनेर जद्रिरहन्थे । आमालाई अनि मलाई पनि यो कुरा पट्टक्कै मन परेको थिएन । राजनितीको रनाहाले बा हामीले भनेको पनि केही नसुन्ने भएका थिए । नयाँ पार्टीमा लागेपछि झन् बाको चुरीफुरी सानो मात्रै थिएन । हिजोका दिनमा माउवादी देखि नसहने हाम्रा बा कमरेड अग्नि भएर नयाँ पार्टीमा प्रभुत्व जमाउँदै थिए । बुवालाई कुनै हालतमा बडाबासँग मुद्दामामिला नगर्न आमा र मैले निकै सम्झाएपनि बा सुन्ने पक्षमा देखिएनन् । इलामबाटै बी.ए.सकाएर त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस भर्ना भएँ । बसाइँ बागबजारमा सुदर्शन दाईसँग हुने भयो, उनी मेरा मामाका छोरा थिए । दाई बागबजारमै एउटा पब्लिकेशनमा जागिर गर्थे, उनी एक्लै बस्ने भएकोले मलाई पनि साथी हुन्छ सँगै बसौं भनेर दाइले नै भनेपछि मेरो डेरा खोज्ने झन्झट टरेको थियो । बिहानै उठेर खाना बनाउने अनि खाएर हिँड्दै पुरानो बसपार्कसम्म जाने अनि कीर्तिपुरको लामो बस चढेर क्याम्पस जाने मेरो दैनिकी थियो । पढाई राम्रै चल्दै थियो । लगभग दुई महिना पछिको कुरा हो, एकदिन बसपार्कमा बसको झ्यालबाट बाहिर हेर्दै टोलाइरहेको थिएँ, अचानक गाउँले भाइ टंकु एकजना अपरिचित मान्छेसँग देखियो । निकै हतारमा जस्तो देखिएको उसले सदाझैं ल्याङ्क्या पारामा कुनै गाडी पर्खेजस्तो गर्दै त्यो मान्छेसँग गफ गर्दै थियो । विदेश गएर छुट्टीमा आएको उसको फर्किने बेला भैसकेको रहेछ क्यारे भन्ठानें । “ओइ टंकु ! हन कैले आको ? फिर्नेबेला भङ्गर आको कि ?” “अरे खेम दाई...अँ हो त दाई आज बेल्काको फ्लाइट छ सात बजेको !” उसले निकै हतारिँदै बोल्यो... अर्को केटोले हतार लगाएजस्तो गर्यो, “ल दाइ म लागैं मेनपावर पुग्नु छ अनि अलेली किनमेल पनि छ ” ऊ पनि हतारमा थियो मेरो गाडी पनि अघि बढाउन लाग्यो....”ल त भाइ शुभयात्रा है...साँची घरतिर के छ हौ सबै ठीकै होला नि ?” गाडी फेरि रोकेर मान्छे चढाउन थाल्यो र हतारमा सोधैं । “ए साँची तपाईंलाई खबर भाकोछैन दाइ ? उहाँ बुवाको त मुद्दा लडेर कस्तो भैराको छ...जानू है दाइ घर एकचोटि...ल दाइ गाडी आयो, म गएँ है ” उस्ले एकै श्वासमा कुरा सकेर ओझेल पर्यो । अहिलेजस्तो हातहातमा मोबाइल थिएन तर फाट्टफुट्ट अलिक हुनेखानेले बोक्न थालेको थिए । गाउँदेखि अलिक तल भट्टराईको दोकानमा एस.टी.डी. फोन थियो । फेरि त्यो खबरले म यति आक्रोशित भएँ कि घरमा फोन गर्न पनि मन लागेन र त्यो रात खाना पनि खान मन भएन र चाउचाउ खाएर सुतें । सुदर्शन दाइलाई पनि केही सुनाइनँ, भोलि सिधै घर गएर बासँग भेटेर मुद्दा फिर्ता लिन लगाएरै छोड्छु भन्ने भयो । बडाबा अनि हजुरबा हजुरआमाको निर्दोष अनि निष्कपट अनुहार सम्झेर बादेखि साह्रै घृणा लागेर आयो । दाजुभाइमै मुद्दा मामला, मान्छेले सुन्दा पनि परिवारकै बेइज्जत अनि फेरि त्यही कारण मेरो प्रेमसम्बन्धमा पनि असर पर्ने मनोवैज्ञानिक त्रासले म थकितजस्तो भएँ । बडाबाकी भदैनीसँग मेरो गहिरो प्रेम थियो र पछि गएर बिहे हुने लगभग पक्कापक्की थियो । यो घटनाले गर्दा बडीआमाको माइतमा हामीलाई के सोच्लान् भन्ने लागिरह्यो । भोलिपल्टै डे बसमा म घरतिर लागें । घर पुग्दा घरमा हजुरबा, हजुरआमा, बडीआमा, आमा भेला हुनुभङ्गको छ ! बा खाटमा पल्टेका छन्...मैले केही बुझिनँ....बाले घुँडा छामेर “आय्या नि आमै...हन खबर पारै आइस् कि एक्कासी पो आइस् त नानी” “के भो बालाई ?” म त अर्कै खबर सुनेर आको त अनि मुद्दा पो हाल्नुभो अरे बाले बडिबालाई...फेरि यहाँ...” “हैन के भन्छ हौ...मरैं नि...दाजु पनि आइहाल्छु भनेर गद्रका कता हराए हौ” म झन् अलमल्ल परैं । लगभग बोलचाल बन्द भाह्रको दाजुलाई बाले खोजेको देखेर ! “४ दिन भो आज लडेको नानी...बेल्का ९ बजेतिर यहीं डिलमा पिसाब फेर्न जाँदा खुट्टा स्वात्तै चिप्लेर बङ्गै लडेको घुँडा नराम्ररी बजारिएछ खुस्क्यो कि जस्तो भैरह्रछ सिकारी लहरो कुटेर बाँधेको, खै होलाजस्तो छैन...तँलाई खबर गरेर पनि पीर गर्छस् होला भन्ने सल्लाह भो बडाबा र मेरो” “अनि कस्तो डिलतिर जानुभाह्रको त हौ पिसाब फेर्न राति राति..थपक्क ट्वाइलेटमा जानुपर्छ नि त अनि” “तो हुने दिन नि कान्छा....मरैं नि..खै अब तँ पनि आइस..भोलि उँधै झर्नुपर्छ होला हौ नानी हस्पिटल” “ए कान्छा कतिखेर आइस् ? म पनि त्यै सोच्दैथैं लानुपर्छ अब हस्पिटल नै ! यसरी हुँदैन...तेरै बाउ मानेन हिजै लैजाऊँ भनेर सबै परिबन्द मिलाइसकेको” भोलिपल्ट नै बडाबा र म भएर बालाई घोपा क्याम्प लिएर गयौं । बालाई पुरै सन्चो हुन झण्डै वर्षदिन नै लाग्यो । अहिले पनि हिंड्दा बाको खुट्टाले अलिक भर गर्दैन अलिक खोच्याएर हिन्नुहुन्छ । त्यो घटनापछि दाजुभाइको बेमेल कहिल्यै भएन । टंकुले खबर ठीकै दिएको रहेछ तर पिसाब फेर्दा लड्नुभाको भन्दिएको भए....। *-साहित्यपोस्ट डटकम*

# एमालेको निर्वाचन तयारी बैठक, विभिन्न उपसमिति गठन



**पाल्पा,** माघ ७/नेकपा एमाले पाल्पा क्षेत्र न.ं२ को निर्वाचन तयारी बैठक बुधबार बसेको छ । प्रतिनिधि सभा सदस्यको निर्वाचन मिति नजिकिएसँगै एमालेले तयारी बैंठक राखेको हो ।

जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगरको अध्यक्षतामा बसेको बैठकले निर्वाचन परिचालन मूल समिति गठन गरेको छ । अध्यक्ष घर्तीमगरको संयोजकत्वमा प्रदेश कमिटी सदस्य, सल्लाहकार, जिल्ला सल्लाहकार, जिल्ला कमिटी सदस्य, सम्बन्धित क्षेत्रका कमिटी सदस्य, पालिका कमिटीका सदस्य, वडा कमिटी अध्यक्ष, जनसंगठनका केन्द्रीय, प्रदेश सदस्य, जिल्ला जनसंगठनका पदाधिकारी सदस्य रहने गरी निर्वाचन परिचालन मूल समिति गठन गरेको पार्टीका प्रचार-प्रसार विभागका संयोजक दीपक विश्वकर्माले जानकारी दिए । समितिमा सम्बन्धित क्षेत्रका पदाधिकारी, प्रदेश कमिटी सदस्य, जिल्ला कमिटीका पदाधिकारी, क्षेत्रिय कमिटी पदाधिकारी र पालिका अध्यक्ष सदस्य रहेका छन् । बैठकले धनेन्द्रराज घिमिरेको संयोजकत्वमा अनुगमन तथा निर्देशन उपसमिति गठन गरेको छ । जसमा नारायणी घिमिरे, देवीप्रसाद बस्याल, डाक्टर रामबहादुर राउत, कुल प्रसाद नेपाल, मेघराज शर्मा, पर्शुराम भट्टराई, गणेश बस्याल पार्टी केन्द्रीय सल्लाहकार परिषद्का पूर्व सदस्य रहेका छन् । प्रचार-प्रसार समिति संयोजकको जिम्मेवारी विश्वकर्मालाई नै दिइएको छ । प्रचारप्रसार कमिटी र प्रेस चौतारीमा आवद्ध सदस्य यस समितिका सदस्य रहने छन् । यस्तै तुलबहादुर अधिकारीको संयोजकत्वमा युवा परिचालन उपसमिति गठन गरिएको छ । जसमा कृष्ण कार्की उपसंयोजक रहेका छन् । महिला परिचालन समिति संयोजकमा मिना जिसीलाई जिम्मेवारी दिइएको छ । विनोद कार्कीको नेतृत्वमा कानुनी परामर्श उपसमिति गठन गरिएको छ । यस्तै रामजी पोखरेलको संयोजकत्वमा आर्थिक व्यवस्थापन उपसमिति गठन गरिएको छ । जसमा गोपाल पौडेल, दामोदर घिमिरे, चिरन गैरे, भूपति पाण्डे सदस्य रहेका छन् । कार्यालय व्यवस्थापनको जिम्मेवारी दीपक विश्वकर्माको नेतृत्वमा मित्रलाल नेपाली, नरबहादुर विक लगायतलाई दिइएको छ । बैठक निर्वाचन प्रतिनिधिको रूपमा धनेन्द्रराज घिमिरेलाई जिम्मेवारी तोकिएको छ । बैंठकमा क्षेत्र नं. २ का उम्मेदवार ठाकुर गैरे, पार्टीका संघ, प्रदेश र जिल्लास्तरका नेताहरूको उपस्थिति रहेको थियो ।

*-मिलन विश्वकर्माबाट*

## खेलकुद समाचार

### च्याम्पियनशिपमा नेपाल र पाकिस्तानबीच बराबरी



**काठमाडौँ,** माघ ७/साफ फुटसल च्याम्पियनशिपको पुरुषतर्फ नेपालले आफ्नो तेस्रो खेलमा पाकिस्तानसँग बराबरी खेलेको छ । थाइल्यान्डको बैंककमा रहेको नोन्थाबुरी रङ्गशालामा बुधबार भएको खेलमा दुवै टोलीले ४-४ गोल गरे । योसँगै दुवै टोलीले १-१ अङ्क बाँडेका छन् । नेपालले पहिलो खेलमा श्रीलङ्कालाई २-१ गोलले हराउँदा दोस्रो खेलमा भारतसँग ३-३ गोलको बराबरी खेलेको थियो । दक्षिण एशियाली फुटबल महासै (साफ) ले पहिलो पटक साफ फुटसल च्याम्पियनशिप आयोजना गरेको हो । प्रतियोगितामा दक्षिण एशियाका सात वटै देश (नेपाल, भारत, माल्दिभ्स, बङ्गलादेश, भुटान, श्रीलङका र आयोजक थाइल्यान्ड) बाट पुरुष र महिला टोली सहभागी छन् । लिग चरणको खेलपछि शीर्ष स्थानमा रहने टोलीले उपाधि जित्नेछन् । एन्फा) को आयोजनामा भएको राष्ट्रिय लिग फुटबलमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १ सय ३६ खेल हुनेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउ एकै दिन दश हजार बढीले वृद्धि



**पाल्पा,** माघ ७/सुनको मूल्यमा बुधवार नयाँ रेकर्ड कायम भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबारको तुलनामा प्रतितोला १० हजार ४ सयले वृद्धि भई नयाँ रेकर्ड कायम भएको हो ।

एकै दिन उच्च मूल्यमा सुनको भाउ बढेपछि एक तोला छापावाल सुनको मूल्य दुई लाख ९५ हजार १ सय पुगेको छ । त्यति नै चाँदीको मोल पाँच हजार ९ सय २० कायम भएको छ । मंगलबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८४ हजार ७ सय र त्यति नै चाँदीको मोल पाँच हजार ८ सय ८० कायम भएको थियो । गत आइतबार एक तोला सुन दुई लाख ७८ हजार ८ सय र त्यति नै परिमाणको चाँदी पाँच हजार ६ सय २५ मा कारोबार भएको थियो । सोमबार एक तोला सुन दुई लाख ८२ हजार र त्यति नै परिमाणको सेतो धातु पाँच हजार ८ सय १० मा खरिदबिक्री भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बुधबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७ सय ४० र त्यति नै परिमाणको सेतो धातु ९५ अमेरिकी डलरमा कारोबार भइरहेको छ । आर्थिक विश्लेषकहरूका अनुसार विश्व अर्थतन्त्रमा अनिश्चितता बढ्नु, मुद्रास्फीति र भूराजनीतिक तनावका कारण सुरक्षित लगानीका रूपमा माग बढेकाले सुन र चाँदीको मूल्य बढेको हो ।

## पाल्पामा दुई...

...यहाँ नेकपा एमालेबाट निवर्तमान सासंद नारायण प्रसाद आर्चाय, नेपाली नेपाली काँग्रेसबाट युवा नेता सन्दिप राना, नेपाली कम्युनिष्ट पार्टीबाट हुमबहादुर सुनारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट बिमल पन्त ,राष्ट्रिय जनमोर्चाबाट नरमती सिंजालीले उम्मेदवारी दिएका पाल्पा क्षेत्र नं. १ का निर्वाचन अधिकृत दशरथ पंगेनीले जानकारी दिए । यस्तै मंगोल नेशनल अर्गनाइजेसनबाट सलन चिदी, नेशनल रिपब्लिक नेपालबाट थमन सिंह रेग्मी मगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बृहस्पति अर्याल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट पुरन गैरे शर्मा, स्वतन्त्रबाट कौशल अर्याल, डिल्लीराज काफ्ले, जुद्धबहादुर विरकट्टा, वाछ्यावली मियाले मनोनयन दर्ता गराएका छन् । यस्तै पाल्पा क्षेत्र नं. २ बाट १४ राजनीतिक दल र तीन स्वतन्त्र उम्मेवारले मनोनयन दर्ता गरेका छन् । यहाँ नेकपा एमालेबाट निर्वमान सासंद ठाकुर गैरे, नेपाली कांग्रेसबाट जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीबाट पूर्वमन्त्री सोमप्रसाद पाण्डेय, राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधव बहादुर थापाले उम्मेदवारी दिएका छन् । त्यसैगरी राष्ट्रिय जनमोर्चाबाट जिल्ला अध्यक्ष बालबहादुर दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला अध्यक्ष डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालबाट देव प्रसाद श्रेष्ठ, सार्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादी एकल चुनाव चिन्हबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मंगोल नेसनल अर्गनाईजेसनबाट मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी(माओवादी)बाट विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टी बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीबाट कृष्ण सोभा मुस्याख्वले उम्मेदवारी दर्ता गराएका छन् । त्यसैगरी स्वतन्त्रबाट मोहन कुमार थापा, देवी प्रसाद भण्डारी र केशवप्रसाद बस्याल गरी १७ जनाले उम्मेदवारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका प्रवक्ता सहायक निर्वाचन अधिकृत केवश पराजुलीले जानकारी दिए । प्रतिनिधिसभा निर्वाचन कार्यतालिका अनुसार मनोनयन पत्र दर्ता गरी उम्मेदवारको सूचीमा समावेश भएका उम्मेदवारविरुद्ध बुधबार उजुरी दिने कार्य तालिका रहेको थियो । कार्यतालिका अनुसार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएका उम्मेदवारको योग्यता पुगेको छैन भने त्यसको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिए पनि पाल्पामा कुनै पनि उजुरी नपरेको मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।


**Rainadevi Chhahara Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

# Invitation for Quotations

***Date of publication: 22nd Jan uary 2026 AD (2082-10-08 BS)***

**1.** Rainadevi Chhahara Rural Municipality invites electronic sealed quotations from Nepalese eligible bidders for following bids under sealed quotation procedures.

**2.** Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website **www.rainadevichhaharamun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

**3.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**4.** All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Estimated Amount (including VAT and PS) | Quotation Submission Date | Quotation Opening Date | Quotation Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1. | RRM/PAL/W/SQ-11/2082-83 | Construction of Deule Playground Stage | Rs. 9,74,068.80 | 23 Magh 2082 12:00PM | 23 Magh 2082 01:00PM | 45 & 75 days | Rs.25,000.00 | Rs.1,000.00 |

**Chief Administrative Officer**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई